# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकोठी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :-

चलानी नं. :-

मिति :-

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकोठी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

### ५० % अनुदानमा कुटानी पिसानी मिल वितरण कार्यक्रम सम्वन्धी सूचना !!!

**सूचना नं – ३७**

**प्रथम पटक प्रकाशित मिति २०८०/११/१०**

विहादी गाउँपालिका कृषि विकास शाखाको आ.व २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५० % अनुदानमा **कुटानी पिसानी मिल** वितरण कार्यक्रम रहेकोले उक्त कार्यक्रम सञ्चालन गर्न ईच्छुक विहादी गाउँपालिका भित्रका कृषि सहकारी , कृषक समूह, कृषि फर्म र व्यवसायिक कृषकहरुले यो सूचना प्रकाशन भएको **मितिले १५ दिन (मिति २०८०/११/२४ गते) भित्र** विहादी गाउँपालिका वा सम्वन्धित वडा कार्यालयहरुमा उपलब्ध हुने निवेदनको ढाँचा भरि आफुलाई पायक पर्ने स्थानहरु ( गाउँपालिका वा सम्वन्धित वडा कार्यालय ) मा तपशिल बमोजिमको प्रक्रिया पुर्‍याई निवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । **रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका र विगतका बर्षमा अनुदान पाएका लाभग्राहीहरुको प्रस्ताव छनौटका लागि समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउदछौ ।**

तपशिलः

| क्र.स | कार्यक्रम | अनुदान | कुल बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | ५० % अनुदानमा कुटानी पिसानी मिल वितरण कार्यक्रम | ५० % | ५ लाख | विहादी गाउँपालिका बाट कृषि मेशिनरि सामान ५० % अनुदानमा वितरण गर्ने मापदण्ड २०७७ बमोजिम हुने छ । |

आवश्यक कागजातहरु

- तोकिएको ढाँचा अनुसारको निवेदन ।
- नागरिकताको प्रतिलिपी / कृषक वर्गिकरण परिचयपत्रको प्रतिलिपी ।
- सम्वन्धित वडाको सिफारिस ।
- समूह / सहकारीको हकमा कार्यक्रम माग गर्नका लागि समूहको निर्णय,दर्ता/नविकरण प्रमाणपत्र,करचुक्त प्रमाणपत्रहरुको प्रतिलिपी।
- **पूनश्चः माग संकलन भएपछि छनौट भएका कृषकहरुले खरिद गर्ने कुटानी पिसानी मिल को ५०% ले हुन आउंने रकम गाउँपालिकामा बुझाएपछि मात्र खरिद गरी वितरण गरिने छ ।**

२०८०।११।१०

हरि प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत